**प्रतिनिधि सभाका सम्माननीय सभामुख,**

**माननीय सदस्यहरु,**

१. नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम सम्बन्धमा भएको छलफलमा माननीय सदस्यहरूले राख्नुभएका धारणा, सरोकार, जिज्ञासा तथा सुझावहरूका विषयमा स्पष्ट पार्न उपस्थित भएको छु।

२. सम्माननीय राष्ट्रपतिबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई यही जेठ १० गते गर्नुभएको सम्बोधनका लागि नेपाल सरकार सम्माननीय राष्ट्रपतिप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।

३. सरकारले आर्थिक वर्ष २०७९/८० का लागि यस सदनमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा पहिलो वक्ताको रूपमा छलफलमा सहभागी हुनु भएका माननीय पूर्व प्रधानमन्त्री तथा प्रमुख प्रतिपक्ष दलका नेता, संसोधन प्रस्ताव राख्ने माननीय सदस्यहरू र छलफलमा सहभागी हुनु भएका सबै माननीय सदस्यहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

४. यो सम्मानीत प्रतिनिधि सभा राजनीतिक दलहरूको सुझबुझ र सहकार्यको परिणामस्वरुप जिवित रहेकोले आज हामीले देश र जनताले भोग्नु परेको समस्याका बारेमा खुलस्त बहस र छलफल गर्न पाएका छौं। हाम्रो प्रयासबाट संविधानको रक्षा भएको छ र संविधानप्रदत

अधिकार सबैले निर्वाध प्रयोग गर्ने वातावरण बनेको छ। प्रतिनिधि सभाको अवरोध हटाऐर संसदीय प्रक्रिया सुचारु गराएकोमा म प्रमुख प्रतिपक्ष दललाई धन्यवाद दिन चाहन्छु। रचनात्मक, स्वस्थ र मर्यादित बहसबाट संसदको गरिमा कायम राख्न सकिन्छ। नागरिकले संसदभित्रका हाम्रा गतिविधिलाई नजिकबाट नियाली रहेकाछन्। संसदीय मूल्य र मान्यतालाई थप परिष्कृत बनाउँदै हाम्रो लोकतान्त्रिक अभ्यासलाई सुसंस्कृत बनाउने तर्फ हामी सबैको ध्यान जान जरुरी छ।

५. माननीय सदस्यहरूबाट छलफलको क्रममा उठाइएका विषय र प्रस्तुत गरिएका संशोधन प्रस्तावप्रति सरकारको ध्यानाकर्षण भएको छ। कार्यान्वयन हुनसक्ने विषयको सान्दर्भिकता र उपयुक्तता हेरेर सरकारले आगामी दिनमा सम्बोधन गर्दै जाने छ। रचनात्मक सुझावका लागि म माननीय सदस्यहरूमा धन्यवाद व्यक्त गर्दछु।

६. दोस्रो कार्यकालका लागि भर्खरै सबै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। पहिलोपटक एकैसाथ सबै स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। सबै मतदातालाई भयरहित वातावरणमा स्वतन्त्ररूपले मतदान गर्ने अवसर सरकारले उपलब्ध गराएको थियो। लोकतन्त्रलाई जगैदेखि मजबुत बनाउने स्थानीय तहको निर्वाचनमा

सहभागी भई आफ्नो अमूल्य मतद्वारा जनप्रतिनिधि छनौट गर्नुभएकोमा सम्पूर्ण आदरणीय दिदीबहिनी तथा दाजुभाइमा आभार व्यक्त गर्दछु।

७. निर्वाचनको निष्पक्षताका बारेमा केही माननीय सदस्यले चासो राख्नु भएको छ। यससम्बन्धमा सरकारको धारणा स्पष्ट पार्न चाहन्छु। देश भरी एकैपटक एकैसाथ निर्वाचन सम्पन्न गर्नु चुनौतिपूर्ण विषय थियो। साधन र स्रोतको सिमितताका बिच पनि निर्वाचन समग्रतामा शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको छ। छिटपुट घटनालाई लिएर निर्वाचनको समग्र प्रक्रिया र परिणाममा संशय व्यक्त गर्नु उपयुक्त हुँदैन। सार्वभौम जनता नै यसको निर्णायक शक्ति भएकोले जनमतको कदर गर्नुको विकल्प छैन। लोकतान्त्रिक मूल्यमान्यता अनुरुपको प्रतिस्पर्धात्मक प्रक्रियाबाट जन अनुमोदन भई स्थानीय तहको नेतृत्वमा पुग्न सफल जनप्रतिनिधिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। नव निर्वाचित जनप्रतिनिधिले स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहमा सुधार गरी जनताको विश्वास जित्नु हुनेछ भन्ने अपेक्षा गरेको छु।

८. यसै बर्ष संघीय संसद र प्रदेश सभाको निर्वाचन निष्पक्ष, स्वच्छ र शान्तिपूर्ण वातावरण सम्पन्न गर्ने राष्ट्रिय कार्यसूचिलाई पुरा गर्ने कार्यमा प्रमुख प्रतिपक्ष दललगायत सबै राजनीतिक दलको सहयोग प्राप्त हुने विश्वास लिएको छु।

९. लोकतन्त्रका मूल्य मान्यता र नागरिक स्वतन्त्रताप्रति हाम्रो अटल आस्था एवं विश्वास रहेको छ। लोकतन्त्र स्थापनाका लागि अहिलेसम्म भएका सबै आन्दोलन र संघर्षमा अग्रणी भूमिका म आवद्ध नेपाली काँग्रेसले नै निर्वाह गरेको कुरा म यहाँ स्मरण गर्न चाहन्छु। यसो भनि रहँदा अन्य राजनीतिक दलको योगदानलाई कम मूल्यांकन गरेको कदापि ठान्नु हुँदैन्। व्यक्तिगत रूपमा भन्नु पर्दा लोकतन्त्र, मानव अधिकार र कानूनको शासनप्रतिको मेरो आस्था र विश्वास कहिल्यै पनि डगमगाएन। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाई तीव्र गतिमा विकास र समृद्धि प्राप्त गर्नु हाम्रो साझा गन्तव्य हो। मेरो नेतृत्वमा रहेको गठबन्धन सरकारले संवाद, सहमति र सहकार्यमा जोड दिँदै आएको छ। आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमले यो गन्तव्यमा पुग्नका लागि मार्गचित्र तयार पारेको छ।

१०. कोभिड-१९ को कारण मानव स्वास्थ्य लगायत समग्र आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रतिकूल अवस्थालाई उपचार, खोप र राहत उपलब्ध गराउन सरकारले सघन रूपमा चालेका कदमबाट संवोधन भएकोले नेपाली जनतामा आशा र उत्साह बढेको छ। यसबाट जनताको सरकारप्रतिको भरोसा बढेको छ। यस सम्मानीत सदनमा मैले विश्वासको मतको लागि प्रस्ताव राख्दा खोप लगाउन मिल्ने सबै नेपालीलाई खोप

दिने विषय पहिलो प्राथमिकतामा राखेको थिए। आज हामी उक्त लक्ष्यको नजिक पुग्दा मलाई खुशी लागेको छ।

११. कोभिड-१९ महामारीको प्रभावबाट मुक्त हुदैं अर्थतन्त्र र सामाजिक क्रियाकलाप क्रमशः सामान्य हुदै गएको अवस्थामा युक्रेनमाथिको आक्रमण र त्यसबाट सिर्जित प्रतिकूलताले फेरि जटिलता निम्त्याएको छ। अन्तर्राष्ट्रिय स्तरमै भएको अप्रत्याशित मूल्यवृद्धि र आपूर्ति श्रङ्खलामा उत्पन्न असहजता यसका ज्वलन्त उदाहरण हुन्। यसबाट हाम्रो अर्थतन्त्रमा पर्नसक्ने बाह्य चापको जोखिमलाई सम्बोधन गर्दै आर्थिक पुनरुत्थानका कार्यक्रममार्फत जनजीवनलाई सामान्य अवस्थामा ल्याउन सक्ने नीति तथा कार्यक्रमको आवश्यकता छ। प्रस्तुत नीति तथा कार्यक्रमले यसै मर्मलाई आत्मसात् गरेको छ।

**माननीय सदस्यहरू**

१२. प्रस्तुत नीति तथा कार्यक्रमले हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै उर्जा, पर्यटन,यातायात, कृषि र सूचना प्रविधिलाई विकासको मुख्य संवाहक क्षेत्रको रुपमा अघि बढाएको छ। उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि, पूर्वाधार निर्माण, मानवपूँजी निर्माण, आय असमानता र बहुआयामिक गरिबीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन, सङ्घीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखेको छ। यस नीतिमा वित्तीय एव मौद्रिक नीति बिच

संयोजन कायम गरी अर्थतन्त्रलाई वाह्य जोखिमबाट मुक्त गर्न र तरलता व्यवस्थापन गर्न विशेष ध्यान दिइएको छ।

१३. मुल्य वृद्धि नियन्त्रण गरी मुद्रास्फिृतिलाई वान्छित सीमा भित्र राख्न अधिकतम प्रयत्न गरिने छ । वाह्रय प्रभावका कारण अर्थतन्त्रमा हुने उतारचढावलाई व्यवस्थापन गर्ने र महामारीको सामना गर्ने कार्यलाई प्राथमिकता दिने विषयहरु यस नीति तथा कार्यक्रममा समेटिएका पनि छन।

१४. सार्वजनिक संस्थानहरूको सुधार गर्ने उद्देश्यले नीति तथा कार्यक्रममा सार्वजनिक संस्थानको बारेमा उल्लेख गरिएको हो। यसलाई विषयान्तर गरी फरक ढंगबाट बुझ्न उचित हुन्न। प्रतिस्पर्धी वस्तु तथा सेवा उत्पादन गर्ने निजी क्षेत्र सक्षम भएका क्षेत्रमा कार्यरत सार्वजनिक संस्थानहरूको व्यवस्थापन सुधार लगायतका विषयहरू समावेश भएको हो। प्रतिस्पर्धा नहुने र सरकारको एकाधिकार प्राप्त पेट्रोलियम लगायतका वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानको खारेजी वा निजीकरणको विषय समावेश गर्ने सरकारको सोच नभएकोले यस विषयमा अन्यथा नहुने कुरामा विश्वस्त हुन आग्रह गर्दछु।

१५. गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार निर्माण र आधारभूत वस्तु तथा सेवाको नियमित आपूर्तिमा विशेष जोड दिइएको छ। स्वदेशी उत्पादनवाट खाद्य सुरक्षाको प्रत्याभूति गर्न क्षेत्रगत नीतिहरुमा समेत

कृषि तथा बन क्षेत्रलाई उत्पादन र उत्पादकत्वसँग आवद्ध गर्दै लैजाने नीति लिइएको छ। नेपालको संविधानले प्रत्याभूत गरेको खाद्य सुरक्षाको हकको कार्यान्वयनका लागि हिमाली तथा उच्च पहाडी जिल्लामा खाद्यान्न र नुन ढुवानीमा अनुदान दिइदैं आएको छ। भौतिक पूर्वाधारको विकाससँगै कतिपय जिल्लाहरू सडक सञ्जालमा जोडिएकोले त्यस्ता जिल्लाहरूको सीमानाको पुनरावलोकन गर्ने नभई ढुवानी अनुदानलाई वस्तुपरक बनाउन मात्र खोजिएको हो।

१६. विगतमा नापजाँच तथा दर्ता गर्न छुट भएका गाउँ ब्लक, पुनः नापी र विशेष नापी अन्तर्गतको मन्त्रालयको नियमित लक्ष्य अन्तर्गत प्रक्रियागत सहजीकरण गरी लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जा नपाएकाहरूलाई नापजाँच गरी निर्वाचन आचारसंहिता लागू हुनु अगावै जग्गा धनी प्रमाणपुर्जा वितरण गरिएको हो। भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्न भूमि आयोग गठन भई यसले काम गरिरहेको हुँदा यस सम्बन्धी समस्या आगामी दुई वर्षभित्र समाधान हुने अपेक्षा गरिएको छ ।

१७. सरकारले उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा कम गर्ने उद्देश्य राखेको छ। यस अन्तर्गत तुलनात्मक लाभ भएका वस्तुको उत्पादन वृद्धि गर्ने, बजार विस्तार गर्ने, आन्तरिक उपभोग बढाउने र लगानी आकर्षित गर्ने उद्देश्यले "प्रधानमन्त्री नेपाली

उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम” ल्याइएको हो। यस कार्यक्रम अन्तर्गत स्थापित हुने उद्योगहरुले प्रयोग गर्ने कच्चा पदार्थ, मेसिनरी उपकरण र उद्योगको आयमा कर तथा भन्सार महशुल छुट दिने भनिएको हो। यस्ता उद्योगले  निर्यात गरेमा प्रोत्साहन स्वरुप निर्यात अनुदान दिन खोजिएको हो। ट्रेड इन्टेलिजेन्स व्यापार प्रणालीको अभिन्न अंग हो। स्थापित संयन्त्र र निकायहरूको भूमिकालाई न्यून गर्न खोजिएको होइन। बदलिँदो विश्वको अवस्था र व्यापार संरचनामा आएका नवीन प्रवृत्तिलाई निरन्तर अनुगमन गरी नीति निर्माणमा सघाउ पुऱ्याउन यस्ता संयन्त्र कामयाबी हुने भएकाले आवश्यक संयन्त्रको व्यवस्था गर्न खोजिएको हो। यो लगायत नीति तथा कार्यक्रममा उल्लेख भएका अन्य प्रस्तावित संरचनालाई पनि राष्ट्रिय आवश्यकता र बाह्य परिस्थितिका उपज हुन भन्ने सोच राखु पर्दछ।

१८. अर्थतन्त्रको दिगो विकासका लागि उत्पादनशील क्रियाकलापहरूको प्राथमिक भूमिका रहन्छ। सरकारी क्षेत्रका अतिरिक्त निजी र सहकारी क्षेत्र परिचालनका माध्यमबाट औद्योगिकीकरण, रोजगारी तथा आय वृद्धि गरी जीवनस्तर उकास्न सरकारको नीति तथा कार्यक्रम निर्देशित हुनुपर्दछ भन्ने मान्यताकासाथ उद्योग क्षेत्रलाई आर्थिक गतिविधिको केन्द्रविन्दुमा राखिएको हो। यसो

भनिरहँदा अन्य क्षेत्रबाट हुने योगदानलाई अवमूल्यन गरेको सोच्नु जायज होइन्।

१९. सडक, सिंचाइ, खानेपानी जस्ता पूर्वाधारहरु लगायत विकासका कार्यलाई समयमै सम्पन गर्न आवश्यक नीतिगत एवं कार्यप्रणालीमा सुधार गर्ने, श्रोतको अभाव हुन नदिने र जग्गा प्राप्ति प्रकृयामा सरलीकरण गरिने छ।

२०. संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई परिपूरक र सुदृढ बनाउँदै संघीयता कार्यान्वयन मार्फत लोकतन्त्रको सुदृढीकरण, समावेशीकरण, सामाजिक सूरक्षा र लोककल्याणकारी कार्यलाई स्थानीय स्तरसम्म पुऱ्याई राज्य संयन्त्रहरुमा सवै नागरिकहरुको समान र सहज पहुँच पुर्याउने नीति लिइएको छ। सबै प्रकारका हिंसा र भेदभावको अन्त्य गरी भयमुक्त सुसंस्कृत र सभ्य समाजको निर्माणमा जोड दिइनेछ। शिक्षालाई श्रम र प्रविधिसँग आवद्ध गरी उद्यमशिलता र बजारको माग अनुसारको दक्ष जनशक्ति उत्पादन गर्ने एवं श्रम आप्रवासन र विदेशमा रहेका नेपालीहरुको सुरक्षा तर्फ ध्यान दिइएको छ।

२१. यस नीति तथा कार्यक्रममा प्रस्तुत गरिएका तथ्यांक आधिकारिक निकायबाट तयार गरिएको हुनाले तथ्यांकको विश्वसनीयता प्रति ढुक्क

हुन माननीयज्यूहरूलाई आग्रह गर्दछु। विगतका सरकारले पनि नीति तथा कार्यक्रममा पर्याप्त तथ्यांकको चर्चा गर्ने गरेकोमा यस नीति तथा कार्यक्रममा विस्तृत रूपमा नभई मुख्य मुख्य उपलब्धि मात्र उल्लेख गरिएको छ।

२२. भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा वर्तमान सरकारको प्रतिबद्धता विगतका कुनै सरकारको भन्दा कम छैन। भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूको सुदृढीकरण र सबलीकरणमा जोड दिइएको छ। भ्रष्टाचार हामी सबैको साझा शत्रु भएकाले यसको नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक र प्रबर्द्धनात्मक सबै उपायहरू अवलम्बन गर्न हामी सबै एकजुट हुनुपर्दछ।

२३. नेपालले असंलग्न स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आएको छ। नेपाल सरकार राष्ट्रिय हितलाई सर्वोपरी राखी सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा छिमेकी लगायत सबै मित्रराष्ट्रसँगको सम्बन्धलाई थप प्रगाढ बनाउन प्रतिबद्ध छ। नेपाल सरकार नेपाली भूमिको रक्षा गर्न प्रतिबद्ध छ। लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्ने कुरामा नेपाल सरकार स्पष्ट छ। सीमासम्बन्धी विषय संवेदनशील विषय भएकाले वार्ता र कुटनीतिक माध्यमबाट समाधान हुनुपर्छ भन्ने हाम्रो मान्यता रहिआएको छ। यस

अनुरूप हाम्रो कुटनीतिक प्रयास जारी छ। सीमा सम्बन्धी विषयलाई नीति तथा कार्यक्रममा उचित स्थान दिइएको छ।

२४. नेपाल भारत सम्बन्ध बहु आयामिक छ र सहयोगका क्षेत्रहरू विविध एवं व्यापक छन्। ऊर्जा क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने विषय द्विपक्षीय सम्बन्धको महत्वपूर्ण आयामको रूपमा रहिआएको छ। नेपालको भू-बनोटको कारणले नेपालमा उत्पादित बिजुलीको सहज र स्वाभाविक बजार भारत हुने देखिन्छ। यसै पृष्ठभूमिमा नेपाल र भारतका बिचमा सन् २०१४ मा ऊर्जा व्यापार सम्झौता भईसकेको छ। भारतसँगको समझदारीमा दक्षिण एशियाका अन्य मुलुकसँग पनि ऊर्जा व्यापार विस्तारको सम्भावना छ। नेपालमा उत्पादित बिजुलीलाई भारत निकासी गर्ने र आवश्यकता अनुसार नेपालले पनि आयात गर्नसक्ने गरी ऊर्जा सुरक्षा प्रत्याभूत गर्ने मूल अभिप्रायका साथ राष्ट्रिय हितलाई ध्यानमा राखी ऊर्जा विकाससम्बन्धी संयुक्त अवधारणा जारी गरिएको हो। भूमण्डलीकरण र अन्तरनिर्भरताको आजको समयमा राष्ट्रिय हित र स्वार्थलाई केन्द्रमा राख्दै पारस्परिक हितमा आधारित सहयोगात्मक सम्बन्ध अगाडि बढाउन जारी गरिएको द्विपक्षीय अवधारणाबाट सार्वभौमसत्तामा आँच पुगेको भन्नु उपयुक्त हुँदैन्।

२५. प्रबुद्ध समूहको प्रतिवेदन तीन वर्ष अगाडि नै तयार भएको कुरा सबैलाई अवगत नै छ। यो प्रतिवेदन त्यति बेला नै बुझ्नु पर्थ्यो, किन

बुझिएन ? तथापि, उक्त प्रतिवेदन बुझ्ने वातावरण तयार गर्न नेपाल सरकार निरन्तर क्रियाशील छ। कुटनीतिक सम्बन्धका विषयमा टिप्पणी गर्दा पर्याप्त सावधानी अपनाउनु वाञ्छनीय हुन्छ।

२६. नेपाल एक चीन नीति प्रति दृढ छ। छिमेकी मित्रराष्ट्र विरुद्ध नेपालको भूमि प्रयोग हुन नदिन सरकार सचेत छ। विगतमा चीन बिरुद्ध नेपालमा सक्रिय संस्थालाई म प्रधानमन्त्री भएको बेला रोक लगाएको स्मरण गराउन चाहन्छु। बि आर आई लगायतका अन्य विकास सहायता प्राप्त गर्ने विषय राष्ट्रिय आवश्यकता, क्षमता र उपादेयताका आधारमा निर्धारण हुने भएकाले नेपाल सरकारले बुद्धिमत्तापूर्ण ढंगले यस्ता विषयमा उचित निर्णय लिने नै छ। नेपालको आर्थिक सामाजिक विकासमा मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त उदार सहायता र सहयोगका लागि नेपाल सरकार आभार व्यक्त गर्दछ।

२७. नेपालले सदैव विश्व शान्ति, निशस्त्रीकरण र न्यायको पक्षमा आफ्नो स्पष्ट दृष्टिकोण राख्दै आएको छ। विश्व शान्ति कायम गर्न संयुक्त राष्ट्र संघको आह्वानमा नेपाली सेना र अन्य सुरक्षा निकायहरूले लामो समयदेखि पुऱ्याउँदै आएको महत्वपूर्ण योगदानको अन्तर्राष्ट्रिय समुदायबाट मुक्त कण्ठले प्रशंसा भएको छ। यसै पृष्ठभूमिमा विश्व शान्ति स्थापना कार्यमा नेपालको योगदान बढाउँदै लग्ने भनिएको हो।

संयुक्त राष्ट्रसंघमा नेपालको भूमिका साँघुरो बनाउने अर्थ दिन खोजिएको होइन्।

**माननीय सदस्यहरू**

२८. दीर्घकालीन महत्वका नीति, कार्यक्रम र ठूला बहुवर्षीय आयोजनाहरू एउटा सरकारको कार्यकालमा सुरु भएतापनि सरकारको निरन्तरताको सिद्धान्तअनुसार अर्को सरकारले त्यसको स्वामित्व लिएर अगाडि बढाउनुपर्ने हुन्छ। यस्ता विषयमा राजनीतिक पूर्वाग्रह राख्ने प्रश्न आउदैंन। राष्ट्रको स्रोत खर्चेर कार्यान्वयन गरिने विकास आयोजनाहरू कुनै दलसँगमात्र आबद्ध गरेर हेर्न मिल्दैन्।

२९. यस नीति तथा कार्यक्रममा मूलतः सरकारको भावी दिशा, नीतिगत व्यवस्था र प्राथमिकता समेटिएको छ। स्रोत व्यवस्थापनसहितको विस्तृत कार्यक्रम र आयोजना वजेटमार्फत प्रस्तुत हुने नै छ। यस नीति तथा कार्यक्रममा उल्लेखित विषयहरूलाई ठोस कार्ययोजनाका साथ समयवद्ध ढंगबाट कार्यान्वयन गरी अपेक्षित नतिजा प्राप्त गर्ने आवश्यक प्रवन्ध मिलाइनेछ। प्रस्तुत नीति तथा कार्यक्रमका विभिन्न विषयहरूमा माननीय सदस्यहरुले राख्नु भएको संशोधन प्रस्तावका साथै छलफलका क्रममा उठेका विषयमा मैले संवोधन गरी सकेकोले सम्बन्धित माननीय सदस्यबाट संशोधन प्रस्ताव फिर्ता लिनको लागि

अनुरोध गर्दछु र यस नीति तथा कार्यक्रमलाई सर्वसम्मतिबाट स्वीकृत गर्न अनुरोध गर्दछु।

३०. अन्त्यमा, आगामी वर्षको नीति तथा कार्यक्रमले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढीकरण गर्दै मुलुकमा दिगो शान्ति, सुशासन र सामाजिक न्याय कायम गर्न तथा समस्त नेपालीको विकास र समृद्धिको आकांक्षालाई यथाशीघ्र मूर्त रूप दिन सघाउ पुऱ्याउने विश्वास लिइएको छ। सरकारले अघि सारेको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै माननीय सदस्यहरूबाट सहयोग र सद्भाव मिल्नेछ भन्ने अपेक्षा राख्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँदछु।

जय नेपाल !